बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०१

---

आज मिति २०८२ साल असोज ३ गते शुक्रबारका दिन बिहान ८:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्त बहादुर रावल | नि.प्र.प्र.अ./ सचिव | |

**आमन्त्रितः-**

1. श्री झपट रोकी - अधिकृत सातौं
2. श्री अर्जुन प्रसाद जोशी - लेखा अधिकृत छैटौं
3. श्री दिपेन्द्र साउद - अधिकृत छैटौं
4. श्री काले साउद - [illegible]

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०९

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रस्तावहरु:-

१. आयोजना कार्यान्वयन लागी उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा।

२. सडक सरसफाई गर्ने सम्बन्धमा।

३. प्रोत्साहन भत्ता कार्यविधि, २०७८ सम्बन्धमा।

४. करार सेवाका कर्मचारीहरुको न्यूनतम मापदण्ड बमोजिमको पारिश्रमिक तोक्ने सम्बन्धमा।

५. इन्धन सम्बन्धमा।

६. पशु स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा।

७. गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई तथा खेलकुद आयोजना सञ्चालन सम्बन्धमा।

८. गाउँपालिकाका सवारी साधन/ब्याकुहोलोडर मर्मत गर्ने सम्बन्धमा।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०१

**निर्णयहरुः-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेसनबाट आ.व. २०८२/०८३ को लागि विनियोजित भएका पुजिंगत तर्फका बार्षिक स्वीकृत आयोजना/कार्यक्रम/क्रियाकलापहरुको कार्यान्वयन गर्नका लागी "स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" बमोजिम आयोजना/कार्यक्रम/क्रियाकलापहरुको मिति २०८२ कार्तिक मसान्तभित्र अनिवार्य रुपमा उपभोक्ता समिति गठन गरी गाउँपालिकाको कार्यालयमा सम्झौताका लागी ६ वटै वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ माथि छलफल गर्दा आसन्न दशै, तिहार तथा पर्वहरुमा आम नागरिकको आवतजावतमा सहजताका लागी यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत रहेका कच्ची सडकहरु बर्षायाममा विग्रिएका, भत्किएका हुदाँ सडक सञ्चालनका लागी सडक सरसफाई गर्नुपर्ने भएको हुदाँ यस गाउँपालिका कार्यालयको ब्याकुहोलोडरको प्रयोग गर्ने र गाउँपालिकाको कार्यालयबाट नै ईन्धनको व्यवस्था गर्ने गरी तपसिलका वडाहरुको क्रमशः सडक सरसफाई गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. जयगढ नन्देगडा सडक
२. वडा नं ६ दर्ना अन्तर्गतका सडकहरु
३. वडा नं ५ कालिका अन्तर्गतका सडकहरु
४. वडा नं ३ अन्तर्गतका सडकहरु
५. वडा नं ४ अन्तर्गतका सडकहरु
६. वडा नं २ अन्तर्गतका सडकहरु
७. वडा नं १ अन्तर्गतका सडकहरु

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बान्नीगढी जयगढ गाउँपालिकाको प्रोत्साहन भत्ता कार्यविधि, २०७८ खारेज गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/०४/०५ गतेको सूचना अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिए भन्दा कम नहुने गरी निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था भएको र श्रम तथा रोजगार कार्यालय, धनगढी कैलालीको च.न. ३६ मिति २०८२/०४/३० गतेको परिपत्र अनुसार श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी पत्रचार भएको र यस गाउँपालिका अन्तर्गतका करार सेवाका कर्मचारीहरुले मिति २०८२/०५/३१ गते संयुक्त रुपमा पेश गरेको निवेदन उपर कारबाही गर्दा मिति २०८२/०४/०१ गतेदेखि लागु हुने गरी यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको मासिक न्यूनतम पारिश्रमिक रु. १९,५५०/- (उन्नाइस हजार पाँच सय पचास मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो।

**तपसिलः**

| क्र.सं. | कर्मचारीको नामथर | पद | तह | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १. | अम्मर प्रसाद जैसी | मर्मत सम्भार | श्रेणीविहिन | १९,५५० | |
| २. | नन्दराज जैशी | मर्मत सम्भार | श्रेणीविहिन | १९,५५० | |
| ३. | मिन बहादुर रावल | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ४. | नैन बहादुर तिरुवा | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ५. | राधादेवी साउद | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ६. | सत्य देवी स्वार | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ७. | मीन बहादुर साउँद | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ८. | ललिता देवी स्वाँर | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ९. | निर्मला रावल | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

| क्र.सं. | कर्मचारीको नामथर | पद | तह | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १०. | बल बोहरा | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| ११. | बलेन्द्र साउँद | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| १२. | काले साउँद | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| १३. | सिता कुमारी रावल खड्का | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| १४. | निर्मला रावल | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| १५. | दिर्घ बहादुर ठकुल्ला | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| १६. | पूर्ण बहादुर थापा | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| १७. | सोनम कुमारी रावल | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| १८. | बैजन्ती रावल (खत्री) | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| १९. | राजेन्द्र साउद | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| २०. | कुन्ता उपाध्याय | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| २१. | सरस्वती शर्मा उपाध्याय | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| २२. | सन्तोष रावल | फोहोर व्यवस्थापक | श्रेणी विहिन | १९,५५० | |
| २३. | लोग साउद | कार्यालय सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| २४. | गोकुल साउद | ब्याकुहोलोडर सहयोगी | श्रेणी विहिन | १९,५५० | |
| २५. | भरत ठकुल्ला | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| २६. | सुरत बहादुर ठकुल्ला | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |
| २७. | लक्ष्मण साउद | सरसफाई कर्मचारी | श्रेणी विहिन | १९,५५० | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकामा कार्यरत रहेका कर्मचारीहरुले प्रयोग गर्ने दुईपाङ्ग्रे सवारी साधनमा प्रयोग हुने ईन्धनमा एक रुपता ल्याउन तथा मितब्ययीता कायम गर्न कर्मचारी/शाखाहरुलाई तपसिलको मासिक ईन्धन (पेट्रोल) सुविधा उपलब्ध गराउने तथा जनप्रतिनिधिहरुको सुदूरपश्चि प्रदेश सरकारको **स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५** बमोजिम तोकिएको इन्धन सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| क्र.स. | पद/शाखा | ईन्धन (लि.मा) | कैफियत |
|---|---|---|---|
| ०४. | प्रमुख प्रशासकीय अधिकृत | २० लि. | |
| ०५. | आर्थिक प्रशासन शाखा | १५ लि. | |
| ०६. | प्राविधिक शाखा | २५ लि. | |
| ०७. | कृषि विकास शाखा | २० लि. | |
| ०८. | पशु सेवा शाखा | २० लि. | |
| ०९. | रोजगार सेवा केन्द्र | १५ लि. | |
| १०. | शिक्षा, युवा तथा खेलकुद शाखा | १५ लि. | |
| ११. | स्वास्थ्य शाखा | २५ लि. | |
| १२. | प्रशासन शाखा | १०लि. | |
| १३. | राजश्व तथा पञ्जिकरण शाखा | १० लि. | |
| १४. | सूचना प्रविधि शाखा तथा कम्प्युटर फाँट | १० लि. | |
| १५. | स्टोर तथा योजना शाखा | १५ लि. | |
| १६. | महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा | १० लि. | |
| १७. | वडा सचिव (वडा नं. १,२,३,४,५,६) | १०लि. | |
| १८. | स्वास्थ्य चौकी (वडा नं. १,२,३,४,५,६) | १० लि. | |

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका कृषकवर्गहरुले पशु चौपायाहरुको स्वास्थ्य उपचारका लागि गाउँपालिकाको कार्यालय जयगढसम्म आउनु पर्ने अवस्थाका कारण खर्चिलो तथा लामो दुरी पार गरी कष्टकर अवस्था सिर्जना हुने भएकाले कृषकवर्गको सुविधाको मध्येनजर

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

गर्दै सम्बन्धित वडामा कर्मचारी खटाउने तथा स्वास्थ्य उपचारका लागि औषधीको व्यवस्थापन गरी वडा स्तरबाट सेवा प्रवाह गराउने निर्णय पारित गरियो।

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको सेवा प्रवाहको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न तथा आम नागरिकबाट सुझाब,राय तथा गुनासो संकलन गरी सेवाको गुणस्तर सुधार गर्नका लागि आ.व. २०८१/०८२ को सार्वजनिक सुनुवाई मिति २०८२ असोज २५ गते गर्ने र विगतका बर्षहरुमा झै गाउँपालिकाका युवाहरुको खेलकुदप्रति आकर्षण बढाउने, क्षमता विकास तथा खेलकुदलाई प्रोत्साहन गर्ने दृष्टिकोणले अध्यक्ष कप अन्तर पालिका स्तरीय भलिबल खेलकुद प्रतियोगिता मिति २०८२ असोज २७ गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकामा प्रयोग भइरहेका सवारी सधानहरु सञ्चालनमा सहजता, सुरक्षा र दीर्घकालिन उपयोगका मर्मत गर्नुपर्ने आवश्यकता भएको हुँदा गाउँपालिकाको कार्यालयको स्वामित्वमा रहेका फोर्ड जिप नं प्रदेश नं ३ ००२ झ ५४४९ र व्याकुहोलोडर नं. से १ द १२२ को लागत स्टिमेट अनुसारको मर्मत प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम गर्ने निर्णय गरियो।